## यो अमूल्य अवसरका लागि हार्दिक आभार

पूज्य सन्त श्री अचल मुनि जी म.सा.,

पूज्य सन्त श्री मणिभद्र मुनि जी म.सा. (संस्थापक-मानव मिलन)

पूज्य सन्त श्री पुनीत मुनि जी म.सा.

जन्मभूमि पाल्नुभएको

तथा पोखरा चातुर्मासको उपलक्ष्यमा

सप्रेम भेंट ।

श्री मोहनलालजी विजयाबाईजी सेठिया

सुपुत्रहरू-

सुमति, राजेश, सुनील, विशाल, आशीष सेठिया

सुपुत्रीहरू-

पद्मा, संगीता एवं किरण ।

मैसूर, कर्नाटक, भारत ।



## महामन्त्र नवकार

ॐ

णमो अरिहंताणं,
णमो सिद्धाणं,
णमो आयरियाणं,
णमो उवज्झायाणं,
णमो लोए सव्वसाहूणं,
एसो पंच णमोक्कारो, सव्व पावप्पणासणो
मंगलाणं च सव्वेसिं, पढमं हवइ मंगलं ।

I bow to the Enlightened
I bow to the Emancipated
I bow to the Religious Discipliner
I bow to the Religious Teacher
I bow to all the true Ascetics
This Great Mantra of BOW is the Bliss of All Blisses.
This is capable to eradicate all sins.

●

**णमो अरिहंताणं-** देवाधिदेव श्री हरिहंत भगवानहरूलाई हामी हाम्रो शिर झुकाएर हृदयदेखि नै नमस्कार गर्दछौं ।

**णमो सिद्धाणं-** देवाधिदेव श्री अनन्त सिद्ध परमात्माहरूलाई हामी हाम्रो शिर झुकाएर हृदयदेखि नै नमस्कार गर्दछौं ।

**णमो आयरियाणं-** परम पूज्य समस्त धर्माचार्यज्यूहरूलाई हामी हाम्रो शिर झुकाएर हृदयदेखि नै नमस्कार गर्दछौं ।

**णमो उवज्झायाणं-** परम पूज्य समस्त उपाध्यायज्यूहरूलाई हामी हाम्रो शिर झुकाएर हृदयदेखि नै नमस्कार गर्दछौं ।

**णमो लोए सव्वसाहूणं-** संसारका सम्पूर्ण साधु-सन्तहरूलाई हामी हाम्रो शिर झुकाएर हृदयदेखि नै नमस्कार गर्दछौं ।

यी पाँच नमस्कार मन्त्र, सबै पापनाशकारी छन् ।
सम्पूर्ण मंगलहरूमा श्रेष्ठ तथा प्रथम कोटीको मंगल हुन ।

●

यो संसारमा सबै धर्ममा आफ्ना-आफ्ना मंत्रहरू छन् । कसैले कुन मंत्रको जप-साधना गर्छ कसैले कुन । यसैगरी जैन धर्म मान्ने भक्तजन, अनुयायीहरू नमस्कार महामंत्रलाई धेरै महत्व दिन्छन् । जैन धर्मको यो मंत्र जैनले मात्र पढ्न सक्छ अरूले पढ्न सक्दैन भन्ने छैन । सबै धर्मका अनुयायी मानिसहरूले यो मंत्र पढ्न सक्छन् । जसरी हामी नमो रामाय, नमो हनुमानाय, वा नमो महावीराय आदि जप्दा एकै व्यक्तिलाई नमस्कार गरिन्छ । तर यो नवकार महामंत्र जप्दा संसारमा जति पनि महान पुरूषहरू हुनुहुन्छ वा हुनुभयो, जो राग द्वेष आदि सबै कर्मलाई पन्छाएर मुक्ति प्राप्त गर्नुभयो ती महापुरूष चाहे हिन्दू धर्म, सिखधर्म, इसाई धर्म, मुस्लिम धर्म, जैन धर्म, बौद्ध धर्म वा जुनसुकै धर्म आस्थाका हुनुभयो तिनलाई भूत, भविष्य तथा वर्तमानमा रहेका वितरागी महापुरूषहरूलाई नमस्कार वन्दना गरिएको छ । कुनै मंत्र ठूलो वा सानो हुँदैन । बरू मंत्रमा श्रद्धा, समर्पण, विश्वासको र शुद्धताको महत्व हुन्छ । यदि यस महामंत्रमा श्रद्धा राख्न सकियो भने सबै कष्ट, दुःखहरू, पाप कर्महरूबाट टाढा हुन सकिन्छ । आवश्यक यस कुराको मात्र छ कि हनमीमा श्रद्धा, समर्पण, विश्वास र शुद्धता मनमा छताछुल्ल भएर बगोस् । अतः प्रतिदिन यी पाँच पदलाई १०८ पटकसम्म जप्ने प्रयास गरौं ।

**-पुनीत मुनि 'महादेव'**





भगवान महावीर स्वामी

जैन धारणामा यो सृष्टि अनादि अनन्त हो र जैन मतको प्रारम्भ अनादिकाल देखि नै हो भन्ने अस्था रहेको छ । कालचक्रको न आदि छ, न अन्त्य । यसको रूप परिवर्तिक भइरहन्छ । छ आराको एक युगको कुरा जैन धर्ममा छ । प्रत्येक युगमा २४ तीर्थंकर हुन्छन् । यस युगका प्रथम तीर्थकर श्री आदिनाथ भगवान हुन भने यसपछि २२ तीर्थंकर भइसके । भगवान महावीर अन्तिम तीर्थंकर हुन् । ऐतिहासिक आधारमा ईशा शताब्दीभन्दा ८०० देखि ६०० वर्ष (800 to 600 B.C.) अगाडिमा यसका विशेष प्रवर्त्तक श्री पार्श्वनाथ र श्री वर्द्धमानको ऐतिहासिकता प्रमाणित भएको छ ।

भगवान् महावीरको न्वरानको नाम वर्द्धमान हो । उहाँलाई सम्मान र अर्चनाका आधारमा पछि अनुयायीहरूले वीर, महावीर, जिन, अर्हंत, तीर्थंकर आदि सम्मानसूचक विशेषणले बोलाउन थाले । जैन धारणानुसार वर्द्धमान महावीर २४ औं तीर्थंकर हुनुहुन्छ । कुमार वर्द्धमान यस धरातलमा आउनुभयो उहाँको बुबा कुण्डलपुरका राजा सिद्धार्थ तथा माता रानी त्रिशला हुन् । उहाँ गृहस्थ बन्नुभयो । राज्य छाडी ३० वर्षको उमेरमा मुनि बनेर उहाँले साढेबाह्र वर्ष घोर तप गर्नुभयो । साधना फलित भएपछि केवली, सर्वज्ञ बन्नुभयो । साधकबाट तीर्थकर बन्नुभयो । त्यसपछि मानव समाजलाई उपदेश दिन थाल्नुभयो । उहाँ अहिंसाको पृष्ठभूमिमा हिंड्नुभयो । उहाँको उपदेश वाणीले जागृतिको ज्वाला दन्काउन लाग्यो । आत्मजागरणको लगत लिएर हिंड्नाले समाज, देश, राष्ट्र जागे, मुख्य कुरा, व्यक्ति जागे । समाज, देश र राष्ट्रको जड सत्तामा उहाँ अलमलिनु भएन । उहाँले यथार्थवादलाई रूप दिनुभयो । त्यो अहिंसा बनेर सामु आयो । उहाँका सामु जाति, देश, काल, भावको कुनै प्रश्न थिएन, केवल हिंसा र अहिंसाको प्रश्न थियो । उहाँले जे जति गनुभयो, त्यो हिंसालाई असमाथि र अहिंसालाई समाधि मानेर गर्नुभयो । **बाँच र बाच्न देउँ** भन्ने आदर्शका आधारमा उहाँका उपदेश, उहाँको साधना अघि बढेको पाइन्छ । साधनाबाट आत्मा पवित्र भई आत्मा नै परमात्मा हुनछ भनने उहँको मानवतावादी उत्तारवादी दृष्टिकोण आजसम्म विश्वका लागि ग्राहय छ । सदैव रहने छ । ७२ वर्षको उमेरमा निर्वाण प्राप्त गर्नुभयो ।

## जैन सन्त परिचय :

जैन धर्ममा चार प्रमुख सम्प्रदाय छन् ।
१) दिगम्बर २) श्वेताम्बर मूर्तिपूजक ।
३) श्वेताम्बर स्थानकवासी ४) श्वेताम्बर तेरापन्थ ।

मुनिहरू निर्वस्त्र विचरण गर्नुहने दिगम्बर आम्नायमा एक तथा श्वेताम्बर आम्नायमा तीन मुख्य सम्प्रदाय छन् । श्वेताम्बर सम्प्रदायका चारित्रात्माहरू (साधु-साध्वी) श्वेत वस्त्रहरू-सेतो धोती, सेतो च्यादरपहिरिनुहुन्छ । मुखमा सेतो कपडाको मास्क लगाउनु हुन्छ, जसलाई मुखवस्त्रिका भनिन्छ । यसलाई धर्मको प्रतीक चिन्हका रूपमा पनि लिइन्छ । भाषा संयमका साथै बोल्दा, कुराकानी गर्दा तथा शास्त्र, साहित्यको पठन-पाठन गर्दा तिनमा थुक नगिरोस् भन्ने भाव पनि यो मुखवस्त्रिका लगाउनुको पछाडि रहेको छ । उहाँहरू काँधमा लठ्ठीमा बाँधेर रहेको भुँआदार ऊनको झुप्पाहरूले बनेको वस्तुको नाम हो- ओघा । यसको सहायताले प्रत्येक यात्रामा, बस्दा, उठ्दा आदि व्यवहारमा ससाना जीवजन्तुहरूलाई कोमलतासँग पर पन्छाएर रक्षा गर्नु यसको मुख्य काम हो । यसरी आफ्नो व्यवहारिक जीवनबाट समेत बाँच र बाच्न देऔं को सन्देश दिनुहुन्छ । अहिंसा परमो धर्म भनिएको छ । यही धर्मको पालन गर्ने तथा यसको उपदेश दिएर सकेसम्म जनसमुदायलाई अहिंसा चेतनाको विकास गर्ने उहाँहरूको जीवनको आदर्श हो ।

अहिंसामा पूरा आस्था राख्नुहुने उहाँहरू पूर्ण शाकाहारी भोजन मात्र ग्रहण गर्नुहुन्छ ।,सूर्योदय र अस्तका बीचमा अर्थात् दिनमा मात्र उहाँहरू भोजन पानी लिनुहुन्छ । सूर्य अस्त भएपछि सूर्योदय नभएसम्म उहाँहरू पानी पनि लिनुहुन्न । उहाँहरू वर्षमा एक वा दुईपटक कपालको लुँचन गर्नुहुन्छ । उहाँहरूको भोजन-बस्त्र आदिको व्यवस्था जैन वा अजैन श्रद्धालुहरूबाट हुन्छ । यी सम्प्रदायका आ-आफ्ना मान्यताका श्रद्धालुहरू ठूलो संख्यामा हुनुहुन्छ ।

सम्प्रदाय भेद भएपनि सिद्धान्त तथा मन्त्र आदिमा केही खास भेद रहेको पाइँदैन । जैन धर्मका चार प्रमुख सम्प्रदायहरूमा कुल मिलाएर १५००० जति चारित्रात्माहरू रहनुभएको छ । अहिंसा, सत्य, अचौर्य, ब्रहमचर्य र अपरिग्रह यी पाँच महाव्रतको पालन उहाँहरू गर्नुहुन्छ । सन्त साध्वीहरू पैदल यात्रा मात्रै गर्नुहुन्छ । जहाँकहीं वा जति दूर जानुपरे पनि सवारी साधनको प्रयोग गर्नुहुन्न । जैन सन्त-साध्वीहरू असार पूर्णिमाबाट कार्तिक पूर्णिमासम्म ४ महीना एकै ठाउँमा बस्नुहुन्छ, यसलाई चातर्मास वा वर्षावास पनि भनिन्छ । बाँकी आठ महीना भ्रमणमा रहनुहुन्छ । ठाउँ-ठाउँमा गएर धर्म प्रभावनाको कार्य गर्नुहुन्छ । अहिंसा,, मानवता आदिको शिक्षा दिनुहुन्छ ।

घोर तवस्वी श्री सुमतिप्रकाशजी महाराज साहेबको सान्निध्यमा नेपालबाट सबभन्दा पहिला जैन सन्त बन्नुभएका कार्कीनेटा, पर्वतका युवाचार्य श्री विशाल मुनि हुनुहुन्छ । नेपालबाट सन्त भएकाहरूको परिचय यसपछि दिइएको छ ।



## नेपालबाट परम पूज्य गुरूदेव श्री सुमति प्रकाश जी म.साबाट दीक्षित सन्तहरूको परिचय :

### परम पूज्य गुरूदेव श्री सुमति प्रकाश जी म.सा



जन्मभूमि : चाँवगाँव, हिमांचल प्रदेश, भारत ।
पिता : श्री ख्याली सिंह
माता : श्रीमती जानकी देवी
जन्म : १९३८ दीक्षा : १९५९
दीक्षा स्थान : मेरठ, उत्तरप्रदेश
विगत ३७ वषबाट तप, जप, साधना । वर्षमा ५ महीना मौन ।

### नेपालबाट प्रथम जैन सन्त
### युवाचार्य डा. विशाल मुनिजी



जन्मभूमि : कार्कीनेटा, पर्वत, नेपाल ।
पिता : पण्डित श्री वासुदेव उपाध्याय
माता : श्रीमती नन्दाकला देवी
जन्म : १२.११.१९५३ दीक्षा : २२.१.१९५९
दीक्षा स्थान : काँधला, उत्तरप्रदेश
शिक्षा : एम. ए, पीएच.डी, डि लिट् ।

### पूज्य श्री आशीष मुनि जी



जन्मभूमि : कार्कीनेटा, पर्वत, नेपाल ।
पिता : पण्डित श्री हिमलाल उपाध्याय
माता : श्रीमती नर्मदादेवी
जन्म : २८ मार्च, १९५३
दीक्षा : २० एप्रील, १९७४
दीक्षा स्थान : मुजफ्फरनगर, उत्तरप्रदेश
शिक्षा : एम. ए, शास्त्री, जैनागम ।

**पूज्य पण्डित श्री विचक्षण मुनि जी**



जन्मभूमि : कार्कीनेटा, पर्वत, नेपाल ।
पिता : पण्डित श्री वासुदेव उपाध्याय
माता : श्रीमती नन्दाकला देवी
जन्म : ७ दिसम्बर, १९५८
दीक्षा : ३ मार्च, १९७६
दीक्षा स्थान : अमीनगरसराय, यू.पीं
शिक्षा : एम. ए, शास्त्री, जैनागम ।

**पूज्य श्री अचल मुनि जी**



जन्मभूमि : आरूखर्क, स्याङ्जा, नेपाल ।
पिता : श्री श्रीलालजी पौडेल
माता : श्रीमती बसुन्धरी देवी पौडेल
जन्म : ७ मार्च, १९६५
दीक्षा : ७ फरवरी, १९८२
दीक्षा स्थान : दिल्ली
शिक्षा : एम. ए ।

**पूज्य श्री उत्तम मुनि जी**



जन्मभूमि : जिमिरे, स्याङ्जा, नेपाल ।
पिता : श्री मुक्तिनाथ सुवेदी
माता : श्रीमती सेवत देवी सुवेदी
जन्म : २७ मार्च, १९६५
दीक्षा : २६ एप्रील, १९८२
दीक्षा स्थान : अमीनगरसराय, यू.पीं
शिक्षा : एम. ए ।



**पूज्य श्री सौरभ मुनिजी**



जन्मभूमि : अर्खाखाँची, नेपाल ।
पिता : श्री शालिग्राम खनाल
माता : श्रीमती झगीदेवी खनाल
जन्म : २५ एप्रील, १९६३
दीक्षा : १५ एप्रील, १९८४
दीक्षा स्थान : हरियाणा

**पूज्य श्री मणिभद्र मुनिजी**



जन्मभूमि : आरूखर्क, स्याङ्जा, नेपाल ।
पिता : श्री दधिराम सुवेदी
माता : श्रीमती विमला देवी सुवेदी
जन्म : ८ एप्रील, १९६७
दीक्षा : १८ जनवरी, १९८९
दीक्षा स्थान : कर्नाटक भारत ।
शिक्षा : एम. ए ।

**पूज्य श्री पुनीत मुनिजी 'महादेव'**



जन्मभूमि : आरूखर्क, स्याङ्जा, नेपाल ।
पिता : श्री फत्तीलाल सुवेदी
माता : श्रीमती पार्वती देवी सुवेदी
जन्म : १८ अक्टूबर, १९७६
दीक्षा : ४ दिसम्बर, १९९२
दीक्षा स्थान : कर्नाटक, भारत ।
शिक्षा : एम. ए ।



## पूज्य श्री पदम मुनिजी

जन्मभूमि : कार्कीनिटा, पर्वत, नेपाल ।
पिता : श्री श्रीकृष्ण उपाध्याय
माता : श्रीमती तारा देवी उपाध्याय
जन्म : १८ फरवरी, १९७६
दीक्षा : ७ मई, १९९५
दीक्षा स्थान : महाराष्ट्र । शिक्षा : एम. ए ।



## पूज्य श्री उदितराम मुनिजी

जन्मभूमि : कार्कीनिटा, पर्वत, नेपाल ।
पिता : श्री श्रीकृष्ण उपाध्याय
माता : श्रीमती तारादेवी उपाध्याय
जन्म : २८ मार्च, १९८१
दीक्षा : १३ दिसम्बर, १९९६
दीक्षा स्थान : कोलकाता । शिक्षा : एम. ए ।



## पूज्य श्री विराग मुनिजी

जन्मभूमि : आरूखर्क, स्याङ्जा, नेपाल ।
पिता : श्री फत्तीलाल सुवेदी
माता : श्रीमती पार्वती देवी सुवेदी
जन्म : वि.सं. २०३९, मंसिर १७
दीक्षा : मार्च, २०००
दीक्षा स्थान : महाराष्ट्र, भारत ।



## पूज्य श्री भरत मुनिजी

जन्मभूमि : आरूखर्क, स्याङ्जा, नेपाल ।
पिता : श्री लीलाधर पौडेल
माता : श्रीमती नर्मदादेवी पौडेल
जन्म : १८ अगस्त, १९८७ दीक्षा : ६ फरवरी, २००३
दीक्षा स्थान : पंजाब, भारत ।





## पूज्य श्री विज्ञान मुनिजी

जन्मभूमि : अर्घाखाँची, नेपाल ।
पिता : श्री थानापति खनाल
माता : श्रीमती मायाकला खनाल
जन्म : १८.८.१९९० दीक्षा : २०.३.२००५
दीक्षा स्थान : उत्तरप्रदेश, भारत ।

## पूज्य उपप्रवर्तक श्री प्रेमसुख मुनिजी

## पूज्य श्री अनुपम मुनिजी

## पूज्य श्री राजेश मुनिजी

## पूज्य श्री सुदर्शन मुनिजी म.सा का शिष्य मुनि श्रीजी

---

पूज्य गुरूदेव श्री सुमति प्रकाशजी महाराज साहेबका शिष्यहरू भारतबाट दीक्षित

| | |
|---|---|
| पूज्य श्री हर्षवर्धन मुनिजी, यू.पी. | पूज्य श्री दीपचन्द मुनिजी, छत्तीसगढ |
| पूज्य श्री अभिषेक मुनिजी, हरियाणा | पूज्य श्री गौतम मुनिजी, महाराष्ट्र |
| पूज्य श्री आगम मुनिजी, हरियाणा | पूज्य श्री चेतन मुनिजी, महाराष्ट्र |
| पूज्य श्री जयन्ती मुनिजी, बेंगलोर | पूज्य श्री जागृत मुनिजी, यू.पी. |
| पूज्य श्री स्थिर मुनिजी, महाराष्ट्र | पूज्य श्री मनोहर मुनिजी, महाराष्ट्र |
| पूज्य श्री समकित मुनिजी, महाराष्ट्र | पूज्य श्री संयम मुनिजी, महाराष्ट्र |
| पूज्य श्री प्रबुद्ध मुनिजी, महाराष्ट्र | पूज्य श्री सम्यक् मुनिजी, महाराष्ट्र |
| पूज्य श्री पराग मुनिजी, महाराष्ट्र | पूज्य श्री माणक मुनिजी, महाराष्ट्र |

---

नेपालबाट साध्वी हुनुभएका दिदी बहिनीहरूको नाम

| | |
|---|---|
| साध्वी राधाजी म.सा. | साध्वी उपमाजी म.सा. |
| स्व. साध्वी रविजी म.सा. | साध्वी श्रुतिजी म.सा. |
| साध्वी गीताजी म.सा. | साध्वी उपासनाजी म.सा. |
| साध्वी लक्ष्मीजी म.सा. | साध्वी प्रज्ञाजी म.सा. |
| साध्वी प्रियादर्शनाजी म.सा. | साध्वी रजतजी म.सा. |
| साध्वी पुनमजी म.सा. | साध्वी उदिताजी म.सा. |
| साध्वी पूजाजी म.सा. | साध्वी वृद्धिजी म.सा. |
| साध्वी संजुजी म.सा. | साध्वी मुदिताजी म.सा. |
| साध्वी बिन्दुजी म.सा. | साध्वी मोक्षिकाजी म.सा. |

उक्त बाहेक नेपालबाट १० जना दिदी बहिनीहरूको मुमुक्षु साधनामा हुनुहुन्छ । उहाँहरूले साध्वी दीक्षा लिनुहुनेछ ।